जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-०५, २०८३ भदौ ४ गते विहीबार, 20 Aug 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

एमालेलाई नेकपा र राप्रपाको साथ



थापालाई मुख्यमन्त्रीको जिम्मेवारी

○ सरिता दाहाल

मकवानपुर । एक महिनाको अन्तरालपछि बागमतीमा नयाँ सरकार गठनको प्रक्रिया सुरू भएको छ ।

बागमतीका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँ नेतृत्वको सरकारलाई दिएको समर्थन गत साउन ६ गते फिर्ता लिएपछि अलमलमा परेको सरकारले अब गति लिने भएको छ। बागमती प्रदेशमा नेकपा एमालेका किरण थापालाई मुख्यमन्त्रीमा नियुक्तिको लागि दावी पेश गरिएको छ ।

बुधबार नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी र राप्रपाका गरी ६३ जना प्रदेश सभा सदस्यको समर्थनमा थापालाई मुख्यमन्त्रीमा नियुक्तिको लागि दावी पेश गरिएको हो । यो संगै थापाको नेतृत्वमा नयाँ सरकार गठन हुने निश्चित भएको हो।

बहुमतसहित दावी पेश गरेपछि प्रदेश प्रमुखले आज विहीबार थापालाई मुख्यमन्त्री नियुक्त गर्ने र त्यसलगत्तै शपथ गराउने तयारी गरिएको छ। थापासँगै नेकपाका तर्फबाट एक जनालाई मन्त्रीमा नियुक्ति र सपथ गराउने तयारी गरिएको बताइएको छ ।

सम्भवत नेकपाबाट सरल सहयात्री पौडेललाई आर्थिक मामिला तथा योजना मन्त्रीमा नियुक्ति हुनेछन्। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले भने तत्काल सरकारमा सहभागी नभई सरकार गठनका लागि समर्थन मात्र गरेको बताएको छ ।

राप्रपाले केही समयपछि सरकारमा सहभागी हुने गरी छलफल अघि बढाइएको बताइएको छ। बाँकी मन्त्रीहरुको नाम तथा मन्त्रालयको बाँडफाँट भने केही दिनमित्र टुंगो लाग्ने बताइएको छ ।

यसअघि एमाले बागमती प्रदेश संसदीय दलको बैठकले किरण थापालाई मुख्यमन्त्री बनाउने र संसदीय दलका नेता जगन्नाथ (जेएन) थपलियाविरूद्ध पेश गरिएको अविश्वास प्रस्ताव फिर्ता लिँदै उनलाई दलको नेतामै निरन्तरता दिने निर्णयसमेत गरेको थियो।

एमालेले बागमतीका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँ नेतृत्वको सरकारलाई दिएको समर्थन गत साउन ६ गते फिर्ता लिएको थियो । अल्पमतमा परेका बानियाँले गत १ गते राजिनामा दिएपछि प्रदेश प्रमुखले भदौ ४ गते सम्मको समय तोकी मुख्यमन्त्रीमा दावी पेश गर्न आव्हान गरेका थिए ।

३ दलको संसदीय दलका नेताको हस्ताक्षरमा नेपालको संविधानको धारा १६८ को (३) बमोजिमको सरकार गठनका लागि दावी गरिए पनि उनको नियुक्ति र शपथ ग्रहण भने भोलिपल्ट आज बिहीबार हुने भएको हो । प्रदेश प्रमुख देवकोटाले बिहीबार अपरान्ह ४ बजेसम्मका लागि मुख्यमन्त्रीको दाबी पेश गर्ने समय सीमा तोकेका छन् ।

सो समय सीमाभित्र अन्य कसैको दावी पर्न सक्ने सम्भावना र समय अगावै नियुक्ति गर्दा कानुनी जटिलता आउन सक्ने भन्दै उनले बिहीबार ४ बजेपछि मात्रै थापालाई मुख्यमन्त्री नियुक्त गर्ने र लगत्तै शपथ गराउने तयारी गरेका हुन् ।

बिहीबार ४ बजेको समय सीमा सकिएलगत्तै प्रदेश प्रमुख देवकोटाले थापालाई मुख्यमन्त्री नियुक्त गरी पद तथा गोपनीयताको शपथ ग्रहण गर उने कार्यक्रम तय भएको छ ।

थापालाई एमालेका ३५ (उपसभामुखसहित), नेकपाका ३६ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १३ जना प्रदेश सभा सदस्यले समर्थन गरेका छन् ।

सरकार गठनका लागि ५३ सांसदको समर्थन आवश्यक थियो । १०४ सदस्यीय बागमती प्रदेशसभामा नेपाली कांग्रेसका ३६, नेकपाका ३६, एमालेका ३५, राप्रपाका १२, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका ३ सांसद छन् । थापा बागमतीको ७ औं मुख्यमन्त्री बन्नेछन् । प्रदेश सभाको साढे आठ वर्षको अवधीमा ६ मुख्य मन्त्री ९५ जना मन्त्री भएका छन् ।

प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले आफूसहित ११, अष्टलक्ष्मी शाक्यले १३, राजेन्द्र पाण्डेले १८, शालिकराम जम्कट्टेलले ३१, बहादुरसिंह लामाले १८ र इन्द्रबहादुर बानियाँले १४ जनालाई मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र विना विभागीय मन्त्री नियुक्त गरिसकेका छन् ।

यी सबै नियुक्ति जोड्दा ९५ हुन्छ। तर एउटै व्यक्ति फरक सरकार वा फरक गठबन्धनमा दोहोरिएकाले हाल सम्म ८३ जना प्रदेशको नेतृत्व तहमा पुगेका छन् । प्रदेशमा ७ मन्त्रालयबाट सुरू भएको मन्त्रालय १४ सम्म पुऱ्याइएको थियो । पछिल्लो समय बानियाँले ८ वटा मन्त्रालय बनाएका थिए ।

प्रदेशमा ७ मन्त्रालयबाट सुरू भएको मन्त्रालय १४ सम्म पुऱ्याइएको थियो । पछिल्लो समय बानियाँको पालामा ८ वटा मन्त्रालय कायम गरेका थिए । थापाले अब नयाँ सरकार बनाउँदा ८ वटा मन्त्रालय बनाउँने भएका छन् ।

मन्त्रालयको बागबण्डा मिल्यो

बागमती प्रदेशमा तीन दलबीच ८ मन्त्रालयको भागबन्डा मिलेको छ । दलहरूबीच भएको सहमतिअनुसार नेकपाले सभामुखसहित ३ वटा मन्त्रालय पाउने भएको छ। यसैगरी नेकपा एमालेले मुख्यमन्त्रीसहित ३ पाउने भएको छ । यसैगरी राप्रपाले ३ मन्त्रालय पाउने भएका छन् ।

जस अनुसार नेकपाले आर्थिक मामिला तथा योजना र खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय लिनेछ । एमालेले भौतिक पूर्वाधार विकास र आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय पाउनेछ ।

राप्रपाले स्वास्थ्य तथा सामाजिक विकास, कृषि तथा पशुपन्छी विकास र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय पाउने सहमति भएको छ । सभामुख नेकपाले पाउने र उपसभामुख एमालेकै कायम रहनेछ ।

इन्साइड ---- स्टोरी

स्थानीय सरकार को संख्या बढाऔं

✍ सोमत घिमिरे

पेज २ मा

विचार

हेटौंडा अस्पतालमा एनआइसीयू सेवा थपियो



पेज ६ मा

मध्यम वर्षाको सम्भावना

मकवानपुर । यो साता देशभर मनसुनी वायुको प्रभाव रहेको छ। हाल मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपास रहेको छ।

विहीबार देशभर साधरणतया बादल लाग्ने छ। कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशका थोरै ठाउँमा हल्कादेखि मध्यम वर्षा हुनेछ । आज दिउँसो देशभर साधरणतया बादल लाग्नेछ । देशका हिमाली भूभागका केही स्थानमा चदयाङ्गसहित मध्यमसम्म वर्षाको सम्भावना छ । देशका पहाडी भूभागका धेरै स्थानमा, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही स्थान तथा मधेस प्रदेश साथै कोशी प्रदेशको तराई भूभागका थोरै स्थानमा चदयाङ्गसहित मध्यमसम्म वर्षाको सम्भावना छ ।

कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी भूभागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ । कोशी प्रदेशको तराई र मधेश प्रदेशका केही स्थानमा हावाहुरीको सम्भावना रहेको छ। आज राति देशका हिमाली र पहाडी भूभागमा साधरणतया बादल लाग्नेछ ।

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

समाज सभ्य बनाऔं

तीन वर्षीया बालिका चकलेटको प्रलोभनमा पारिएर बलात्कारपछि मारिएको र ६१ वर्षीया एकल महिलामाथि जबर्जस्ती करणीको घटनाले अहिले सामाजिक सञ्जालमा बिरोधको आवाज तिव्र पारिएको छ । यसले समाजको एउटा भयावह अनुहार देखाएको छ। यी दुई घटना अलग ठाउँ र अलग परिस्थितिका भए पनि दुबैले एउटै प्रश्न उठाएका छन्: बालबालिका र कमजोर अवस्थाका महिलाको सुरक्षा राज्य र समाजको प्राथमिकतामा किन पर्न सकेको छैन ? तीन वर्षकी बालिकाले खतरा चिन्न सक्दिदनन्। कसले माया गर्छ र कसले प्रलोभन देखाएर शोषण गर्न खोज्दैछ भन्ने छुद्याउने क्षमता उनीसँग हुँदैन। बालबालिकाको सुरक्षाको जिम्मेवारी परिवार मात्र होइन, समुदाय, विद्यालय, स्थानीय सरकार, प्रहरी र समग्र राज्य संयन्त्रको हो।

६१ वर्षीया एकल महिलामाथिको बलात्कारले हिंसा उमेर, अवस्था वा सामाजिक हैसियत हेरेर मात्र हुने होइन भन्ने देखाउँछ। समाजमा कमजोर,एक्ला र असहाय व्यक्तिलाई अपराधीले सजिलो लक्ष्य ठान्ने प्रवृत्ति अन्त्य गर्न राज्यले विशेष सुरक्षा र सामाजिक संरक्षणको व्यवस्था बलियो बनाउनुपर्छ। यस्ता घटनापछि पत्रकार र अनुसन्धान हुनु आवश्यक छ, तर पर्याप्त छैन। दोषीलाई कानुनबमोजिम कठोर सजाय दिलाउनुका साथै अपराध हुन नदिने वातावरण निर्माण गर्नु जरूरी छ । बालबालिकालाई सुरक्षित व्यवहार बारे शिक्षा, अभिभावकलाई सचेतना, समुदायमा निगरानी, जोखिमयुक्त स्थानको पहिचान तथा प्रहरीको शीघ्र प्रतिक्रिया प्रणाली प्रभावकारी बनाउनुपर्छ।

अपराधलाई केवल 'घटना' मानेर समयसँगै बिर्सने प्रवृत्तिको अन्त्य हुनुपर्छ। पीडितलाई न्याय र अपराधीलाई दण्डसँगै राज्यले सुरक्षित समाज निर्माणमा जिम्मेवारी देखाओस् ।यस्तो कार्यमा व्यक्ति परिवार र समाजले पनि राज्यलाई सघाउनु जरूरी छ, सबैले हातेमालो गर्दै सुरक्षा बढाऔं ।

स्थानीय सरकारको संख्या बढाऔं

सोमत घिमिरे

स्थानीय सरकार नै राज्य र जनताको सम्बन्धलाई परिभाषित गर्ने सरकार हो । स्थानीय सरकारसँग नै नागरिकको सम्बन्ध सहज हुन सकेन भने राज्यसँगको सम्बन्ध कहिल्यै सहज हुँदैन ।

अहिले संविधान संशोधनबारे एक ढंगको बहस चलिरहेको छ । तर संविधान संशोधन केका लागि ? अहिले नै संविधान संशोधन किन आवश्यक पऱ्यो ? यसबारे राजनैतिक पक्ष जति खुल्नुपर्ने हो त्यति खुलेको छैन । संविधान संशोधन दलहरुको जितको खुसीमा र हारको शोकमा गरिने विषय होइन । यो बृहत्तर राजनैतिक र सामाजिक विषय हो । यो दलीय विषय मात्रै पनि होइन । यद्यपि, दल यसका प्रमुख कलाकार हुन् ।

नेपाल जस्तो सांस्कृतिक विविधता भएको देशमा संविधानको सामाजिक स्वीकार्यता बढाउन धेरै ठूलो मिहिनेत, अभ्यास र सैद्धान्तिक अवधारणा चाहिन्छ । संघीयताको सन्दर्भमा स्थानीय सरकारको ठूलो महत्त्व छ । तर विगतमा स्थानीय सरकारको निर्माण स्पष्ट सैद्धान्तिक धरातलमा भन्दा राजनैतिक सहमतिका आधारमा भयो । अबको संविधान संशोधनले स्थानीय सरकारले पहिचान, सेवा प्रवाह, स्वशासन, सामर्थ्यको मामलालाई केन्द्रमा राख्नुपर्छ ।

नगरपालिका घटाऔं, गाउँपालिकाको संख्या बढाऔं

नेपालमा नगरपालिकाबारे अनावश्यक मोह छ । नगरपालिका भएपछि ठूलै काम सम्पन्न भएजस्तो नगरवासीलाई गौरव लाग्ने परिपाटी छ । अर्कोतर्फ नगरपालिका भएपछि संघीय स्रोतसाधन बढी पाइन्छ भन्ने दृष्टिकोण उनीहरुमा छ । नगरपालिकाको जनसंख्या पुऱ्याउन ग्रामीण बस्तीका विकट ठाउँहरुलाई पनि नगरपालिकामित्र राखिएको छ । खासगरी पहाडी र हिमाली नगरपालिकाका नागरिकलाई यसले अप्ठ्यारो सिर्जना गरेको छ । यद्यपि, अप्ठ्यारो महानगरमा पनि छ ।

शिक्षा, स्वास्थ्यको पहुँच, भौतिक पूर्वाधारको सुविधा केही पनि छैन । तर नगरपालिका बनाउनुपर्दा विकट बस्तीहरु नगरपालिकामा गाइदिनुपरेको छ । स्वास्थ्य चौकी पुग्न ३ घण्टा लाग्छ तर बस्ती नगरपालिकामित्र छ । यो स्थिति लमजुङ, गोरखा, नुवाकोट, सिन्धुपाल्चोक जस्ता धेरै जिल्लामा छ । जसले स्थानीय सरकारले उपलब्ध गराउने सेवामा स्थानीय पहुँच ढाढा पुगेको छ । कसैलाई नगरवासी हुने गौरव प्रदान गर्न विकट बस्तीका समुदाय पीडित हुनुपरेको छ । एउटा वस्तुगत अध्ययन गरी नगरपालिकाको संख्या घटाई गाउँपालिकाको संख्या बढाउनुपर्छ । बरू हामीले अभ्यासमा कमजोर गाउँपालिकाहरुलाई सामाजिक न्यायको अवधारणाअनुसार बढी स्रोतको व्यवस्थापन गर्ने बाटो लिन सक्छौं । १० वा १५ वर्ष हेरेर परिस्थितिमा आएको फेरबदललाई पुनर्संमांकन गर्न सक्छौं । संविधान, ऐन, कानुन सबै जीवन्त दस्तावेज हुन् । समाजको लयसँग संविधान ऐन कानुनको लय मिलाउन जरूरी हुन्छ ।

पुनर्संमांकन: पहिचान र अल्पसंख्यकको सन्दर्भमा

हामीले गाउँपालिका वा नगरपालिका बनाउँदा धेरै केही गरेनौं । गाविसहरुलाई एकै ठाउँमा गाम्यौं मात्रै । संघीयताको एउटा मूल मर्म पहिचानको व्यवस्थापन हो । पहिचानलाई भुइँ तहदेखि अर्थात् स्थानीय सरकारदेखि नै व्यवस्थित बनाउनुपर्छ । आदिवासी जनजाति समुदायको थातथलोलाई केन्द्र मानेर सकेसम्म अल्पसंख्यक आदिवासी जनजाति समुदायलाई एउटै वडामा, एउटै पालिकामित्र व्यवस्थापन गर्नुपर्छ । जसले उनीहरु तितरबितर हुन नपरोस् । पञ्चायतकालको सीमांकनको एउटा अघोषित मान्यता जनजातिहरुलाई विभिन्न पञ्चायतमा पार्नु । सकेसम्म जिल्ला फरक फरकमा पारिदिनु थियो ।

नवलपरासी, पाल्पा र तनहुँको माथिल्लो भूभागमा मगर हरुको बस्ती छ । माथिल्लो बस्तीलाई सीमांकन गर्ने हो भने एउटा जिल्ला हुन सक्थ्यो । एउटै भूगोल, संस्कृति, अर्थतन्त्र भएको ठाउँलाई तीन जिल्लामा पारेर तितरबितर पारियो । त्यही मान्यताले संघीयतामा पनि निरन्तरता पायो । 'फुटाउ र शासन गर' मान्यतालाई स्थापित गरियो । नेतृत्व विकास गर्ने अवसरबाट वञ्चित गरियो । जसले गर्दा आफ्नै पालिकामा आदिवासी जनजाति समुदायहरु कमजोर बने । पहिचान र सांस्कृतिक अधिकारका हिसाबले ठूलो अन्याय भयो ।

अबको पुर्नसीमांकनमा सकेसम्म आदिवासी जनजाति समुदायलाई एकै पालिकामा पार्ने मान्यता अघि सार्नुपर्छ । पहिचानको व्यवस्थापन गर्दा केही पालिकाको संख्या बढ्न सक्छ । पहिचान नपाएका कारणले सिर्जना गरेको हीनताबोधको सम्बोधन हुन्छ भने पालिका थप्नु नै जायज हुन्छ । बरू खर्च कसरी घटाउने भन्ने सोचौंला ।

पुन: संरचना: सेवा सुविधाको पहुँच र भौगोलिक स्थिति

स्थानीय सरकारलाई नागरिकको दैलोको सरकार भनिन्छ । पूर्वी रूकुमको पुथाउत्तरगंगा गाउँपालिकाको एउटा उदाहरण हेरौं । वडा नम्बर ३ को रल, तिज्याङ, हार्दिवाङ र जुरमर गाउँबाट वडा कार्यालय पेल्मा पुग्न दुई दिन लाग्छ । संघीयताको सन्दर्भमा यो विचित्र होइन ? यस्तो किन भएको ? हामीले पालिकाहरु निर्माण गर्दा वडालाई नदुक्र्याउने नीति लियौं । जसले गर्दा ती चार गाउँको केन्द्र पेल्मामा पऱ्यो । जबकि वडा नम्बर १ मैकोट आउन ती चार गाउँलाई ३ देखि ३ घण्टा लाग्छ । यस्तो अप्ठ्यारो कति ठाउँमा होला । यो आठ वर्षमा कुनै अध्ययन अनुसन्धान भएन ।

यसकारण पालिका/वडाको जनसंख्यालाई मात्र आधार मानेर वडा र पालिकाको सीमांकन गरिनु हुँदैन । यसका लागि नेपाल जस्तो भौगोलिक विशिष्टता भएको देशमा भूगोल पनि एउटा आधार हो । जनसंख्यामा मात्रै पनि अड्किनु हुँदैन । यसो गर्दा वडाको संख्या पनि बढ्न सक्छ । नागरिकको पहुँच र सहजतालाई प्रमुख आधार मानेर वडा र पालिकाको सीमांकन गरिनुपर्छ । यो कुनै न कुनै रुपमा सबै ठाउँमा छ ।

मैले विभिन्न अध्ययनका क्रममा करिब ४० गाउँपालिकाका प्रतिनिधिलाई सोधें होला । कुनै प्रतिनिधिले पनि मिलेको जवाफ दिएका छैनन् । तसर्थ, संख्या थोरै बनाउने नाममा नागरिकको पहुँचलाई कुण्ठित नगरौं । सेवा, सुविधा र नागरिकको पहुँच मध्यनजर गर्दै काम गर्नुपर्छ । किनभने स्थानीय सरकार नै राज्य र जनताको सम्बन्धलाई परिभाषित गर्ने सरकार हो । स्थानीय सरकारसँग नै नागरिकको सम्बन्ध सहज हुन सकेन भने राज्यसँगको सम्बन्ध कहिल्यै सहज हुँदैन । हिजो केन्द्रीयताले राज्य र नागरिकको सम्बन्धलाई धुमिल बनाएको छ, नकारात्मक बनाएको छ । यस अर्थमा संघीयताले यस्तो नकारात्मक सम्बन्धलाई सकारात्मक रुपमा परिवर्तन गर्नुपर्नेछ ।

विकासको सामुदायिकीकरण र स्थानीयकरण

पालिकाहरुको एउटा मुख्य काम विकासलाई स्थानीय सन्दर्भमा स्थानीय प्राकृतिक स्रोतको उपलब्धता र संस्कृतिका आधारमा विकासको बाटो आफैं पहिल्याउने भन्ने हो । तर अहिले विकास थोपरिएको जस्तो छ । थोपरिएको विकासलाई बहिष्करण गरी पालिकाको ज्ञान, सीप प्रविधिलाई चिन्तन मनन गरी पहिचान गर्नु हो । अहिले पालिकाहरु ठूला भएका कारणले समुदायले विकास प्रक्रियामा भाग लिन सकेका छैनन् । समुदाय विकास थापेर बसेका छन् ।

अब पालिकाको नीतिगत व्यवस्थापन परिवर्तन गर्न जरूरी छ । पालिकाले अहिले गरिरहेको सेवा प्रवाह र विकासका योजना वडा कार्यालयमार्फत गरिनुपर्छ । सकेसम्म स्थानीय समुदायले कुनै सेवा लिँदा गाउँपालिका कार्यालय आउनै नपरोस् । वडा कार्यालयले नै सबै सेवा प्रवाह गरोस् । स्थानीय उत्पादन, कृषि, शिक्षा, वन व्यवस्थापन, पानी व्यवस्थापनका

बाँकी पेज ५ मा

सहीखबर

सहीवार्ता
www.saheekhabar.com

२०८३ भदौ ४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

अर्थतन्त्र सुधार्न सरकारको समग्र कार्यशैली बदलिनुपर्छ



अभूतपूर्व जनमतसहित सत्ता सम्हालेको चार महिनामै सरकारको आलोचनाको ग्राफ बढ्न थालेको छ । औसत ७ प्रतिशतको आर्थिक वृद्धि, १०० अर्ब डलरको अर्थतन्त्र र ३ हजार अमेरिकी डलर प्रतिव्यक्ति आयको महत्त्वाकांक्षी लक्ष्यको वाचापत्र र सोहीअनुसार बजेट सार्वजनिक भए पनि सर्वसाधारणले राहत पाउन नसकेको गुनासो छ । आर्थिक परिसूचकहरूमा सुधार देखिँदैन । तथापि वर्तमान सरकारप्रति आमसर्वसाधारणको विश्वास भने गुमिसकेको छैन । समग्र अर्थतन्त्र लयमा नचलिरहेका बेला अर्थतन्त्रको अवस्था, सरकारको दिशा र कामकारबाही, सुधारका लागि गर्नुपर्ने कामलगायत विषयमा पूर्वअर्थमन्त्री एवं राष्ट्र बैंकका पूर्वगभर्नर युवराज खतिवडासँग पत्रकार गोकर्ण अवस्थी र यज्ञ बञ्जाडेले गरेको कुराकानीको सार:

दुईतिहाइ नजिक बहुमतको सरकार गठन भएसँगै राजनीतिक अस्थिरता समाप्त भएर आर्थिक गतिविधिले प्राथमिकता पाउने अपेक्षा गरिएको थियो । तर, सरकार गठन भएको चार महिनासम्म सुधारको संकेत देखिएको छैन । यो अवस्थालाई कसरी हेर्नुभएको छ ?

२०७२ मा संविधान जारी भएपछिका जुनसुकै सरकारले पनि 'अब आर्थिक गतिविधिले प्राथमिकता पाउँछ' भन्ने गरेका छन् । हामी सरकारमा रहँदा पनि त्यही भनेका हौं । जेनजी आन्दोलन र त्यसपछिका सरकारलाई दुई खण्डमा हेर्नुपर्छ २५ भदौ २०८२ पछि बनेको अन्तरिम सरकार र त्यसले गराएको निर्वाचनपछि बनेको सरकार । अन्तरिम सरकारकै पालामा पनि कतिपय सुधारका काम भएका हुन् । त्यो सरकारले कतिपय जटिल कामलाई नयाँ सरकारले गर्छ भनेर पन्छ्याएको थियो । त्यसैले यो सरकारलाई अलिकति अन्तरिम सरकार र पहिलेका सरकारले पूरा नगरेका काम पूरा गर्नुपर्ने र कतिपय विकृतिहरु भएका भए त्यसलाई पनि सुधार गर्नुपर्ने दायित्व थिए । त्यसभन्दा ठूलो उहाँहरुले मतदाताका जगाएको आकांक्षा हो, जुन मतमा पनि प्रकट भयो ।

यो अत्यधिक बहुमतको सरकार हो । बहुमतको सरकार आफैंमा 'होमोजिनियस' (सबै एकै प्रकारको विचार सोच भएको) हो भन्ने लाग्छ । यस्तो भ्रम हामीलाई २०७४ मा पनि भएको थियो । त्यतिबेला दुइटा पार्टी मिलेर निर्वाचनमा सहभागी भई सरकार बनाएका थिए । तर जसरी दुइटा नदीहरु एक ठाउँमा मिले पनि तलैसम्म आ आफ्नै नै रङ छोड्न सक्दैनन् । हाम्रो अवस्था पनि त्यस्तै थियो । अहिले यो सरकारमा पनि त्यही भएको छ । यो सरकारका सांसदहरु विगतमा हामीजस्तै मिल्न सक्नुभएको छैन । हाम्रो त दुई दल थियो । अहिले समूह समूहबीच फरक देखिएको छ । किनकि उहाँहरुबीच आर्थिक दर्शन र सिद्धान्त तथा आर्थिक कार्यशैलीमा एकरुपता देख्दिनँ ।

यो सरकारको नीति तथा कार्यक्रम, बजेट, वाचापत्र, सयबुँदे कार्ययोजना हेर्दा पनि कहीं न कतै संगतिको अभाव छ । निश्चित राजनीतिक दर्शनको अभावमा यस्तो भएको हो । कसरी लोकप्रिय हुन सकिन्छ भनेर चल्तापुर्जाका कार्यक्रमलाई टिपटाप गरेर मिलाउँदा यस्तै हुन्छ । सरकारलाई अर्थ राजनीतिक 'स्पेस' पनि छैन । अलिकति पुँजीवादी कुरा गरे कांग्रेसको नजिक भइन्छ कि, समाजवाद (लेफ्ट अफ द सेन्टर) को कुरा गर्दा कम्युनिस्ट भइन्छ कि भन्ने डर छ । यसरी प्रगतिशील र अग्रगामी भइँदैन कि भन्ने लाग्छ । आर्थिक नीतिको स्पष्टताको अभावले गर्दा यो चार महिनामा सरकारले निश्चित दिशा लिन सकेको छैन ।

सरकारले १०० अर्ब डलरको अर्थतन्त्र बनाउँछौं भनेको छ । यो निकै राम्रो हो । लगानी थप्न उद्योगी व्यवसायीलाई विश्वासमा ल्याएर उत्प्रेरित गर्न सक्नुपर्‍यो । तर जेन जी आन्दोलनमा निजी क्षेत्रमाथि भएको आक्रमण र सम्पत्तिको नोक्सानीको घटना छानबिन गरेर विशेष संयन्त्रमार्फत दोषीमाथि कारबाही र क्षतिपूर्तिको व्यवस्था सरकारले गर्नुपर्थ्यो । त्यसो गर्न नसक्दा शासकीय र सुरक्षाको दृष्टिकोणले यो सरकार निजी क्षेत्रको विश्वास जित्न चुक्यो । अहिले सरकारी (स्टेट एक्टर) भन्दा गैरसरकारी मान्छे (नन्स्टेट एक्टर) को पनि प्रभुत्व बढ्न थालेको देखिन्छ । राज्य सञ्चालनमा वैधानिक रुपमा राज्यले चिनेका संवैधानिक निकायका व्यक्तिभन्दा बाहिरका मान्छेको प्रभाव बढ्न थालेपछि व्यवसायीमा अन्योल छ, राज्य कसरी चिन्ने भनेर ।

अहिलेको जस्तै यसअघि तपाईं पनि शक्तिशाली सरकारको अर्थमन्त्री हुनुहुन्थ्यो । तपाईंले पनि श्वेतपत्र ल्याउनुभएको थियो । तपाईंका कामकार बाहीले निजी क्षेत्र अहिले जस्तै डराएको अवस्था थियो । शक्तिशाली सरकार तिनका अर्थमन्त्री मन्त्रीहरूमा किन यस्तो दम्भ हुँदोर हेछ ? त्यतिबेला तपाईंले गरेको काम किन ठीक, अहिले किन बेठीक ?

म अर्थमन्त्री हुँदा र अहिलेको अवस्थालाई त्यसकै तुलना गर्न मिल्दैन । किनभने हिजो हामीले विकासका लागि सरकार, निजी क्षेत्र, सामुदायिक क्षेत्र, सहकारीसमेतको साझा प्रयासले अघि बढाउने मिश्रित अर्थतन्त्रको खाकाबाट अघि बढ्नुपर्छ भन्यौं । यसका लागि अन्तर्राष्ट्रिय सहयोग, सद्भाव र लगानी सबै चाहिन्छ र निजी क्षेत्रको भूमिका उल्लेख्य हुन्छ भन्ने स्कुलिङबाट आयौं । अरु केहीको फरक दृष्टिकोण थियो । कतिपय कानुन निर्माण र कार्यान्वयनमा मत मिल्दैनथे । सोही कारण शिक्षा, स्वास्थ्य, औद्योगिक नीति मिलाउन हामीलाई केही समय लागेको स्थिति थियो ।

अहिले नीतिगत रुपमा त्यो तहको समस्या देख्दिनँ । तर व्यावहारिक रुपमा अहिले पनि समस्या छ । एक जना मन्त्रीले भन्नुहुन्छ । पुराना उद्योगहरु चलाएर कसरी पार लाग्ला ? तर, अर्कोले चलाएर देखाउँछु भन्दै हुनुहुन्छ । यसले सरकारका मन्त्रीहरुबीच पनि काम गराइको तादात्म्यता नमिलेको देखिन्छ । तर दार्शनिक रुपमा अहिले समस्या छैन । मेरो पालामा दर्शन र विचारका रुपमा पनि फरक भएकाले दुई भिन्न पार्टी थियौं । अहिले एउटै पार्टी हो ।

निजी क्षेत्र डराउने भनेको मान्छेले बनाएको एउटा मानक हो । मेरो समयमा निजी लगानी धेरै बढेको थियो । त्यस समयमा बैंकिङ क्षेत्रबाट प्रवाह भएको कर्जा र आर्थिक वृद्धि हेर्दा पनि त्यो पुष्टि हुन्छ । त्यतिबेला लगातार तीन वर्ष (भूकम्पपछि) औसतमा ७ प्रतिशत आर्थिक वृद्धि भएको थियो । यसमा निजी क्षेत्रको ठूलो योगदान छ । म अर्थमन्त्री हुँदा राजनीतिक संरक्षणबाट व्यवसाय गर्न उद्यत रहेका मानिस मसँग डराउँथे । स्वच्छ व्यवसाय गर्ने मानिस उत्साहित भएर व्यवसायमा आएकाले लगानी वातावरण बनेको थियो ।

हामीले निजी क्षेत्रलाई विश्वासमा लिएर काम गर्ने वातावरण संस्थागत रुपमा बनाएका थियौं । निजी क्षेत्र, सहकारी र सामुदायिक क्षेत्रसँग मिलेर काम गरेका थियौं । म सरकारमा रहँदा र अहिले त्यसकै तुलना गर्न मिल्दैन । यद्यपि एउटै पार्टीको सरकार हुँदा पनि मन्त्रिहरुबीचमा संगति देखिँदैन । प्रधानमन्त्रीले मन्त्रीलाई पत्राउ गर्न निर्देशन दिन्छ, कारबाही गर्छ, हटाइहाल्छ भन्ने जस्ता अस्थिरता भने पहिले र अहिले पनि उस्तै हो ।

प्रधानमन्त्री र अर्थमन्त्रीले लस्करै लगाएर निजी क्षेत्रका संघसंस्था र उद्योगी व्यवसायी भेटिरहेका छन् नि त ?

व्यक्तिगत लहडमा राज्य सञ्चालन हुँदा यस्तो अवस्था हुन्छ । नेपालमा सयौं हजारौं व्यवसायी छन् । प्रधानमन्त्री र अर्थमन्त्रीले कस कसलाई मात्र भेट्न सकिन्छ ? त्यही भएर छाता संगठनको व्यवस्था गरिएको हो । संस्थागत रुपमा भेटेपछि समस्या हल गर्ने निकायलाई पनि सँगै राख्न जरूरी हुन्छ ।

तपाईंले प्रधानमन्त्रीको भेटमा अर्थमन्त्री र अर्थमन्त्रीको भेटमा गभर्नर नभएको विषय भन्न खोज्नुभएको जस्तो लाग्छ । अहिलेको जस्तो अवस्था तपाईंको समयमा हुन्थ्यो कि हुँदैनथ्यो । कि यो सामान्य हो ?

पहिले त्यो हुँदैनथ्यो । अर्थ मन्त्रालयमा गभर्नर बस्नुपर्ने बैठकहरु नीतिद्वारा नै परिभाषित छ । प्रधानमन्त्रीकहाँ हुने व्यावसायिक परिषद्को बैठक पनि परिभाषित छ। यसकारण सामान्यतया अर्थमन्त्रीले त्यस्तो गर्दैनन् । अर्थतन्त्र र वित्तीय क्षेत्रसँग सम्बन्धित बैठकमा अर्थमन्त्रीले गभर्नरलाई साथमा राख्नैपर्छ ।

व्यवसायीको समस्या समाधान गर्न बिजनेस काउन्सिल छ । प्रधानमन्त्रीको अध्यक्षतामा व्यावसायिक परिषद् गठन छ । त्यसमा अर्थमन्त्री र गभर्नर स्वत: सदस्य हुन्छन् । बाँकी सदस्य मनोनीत गर्ने व्यवस्था छ । त्यसो हुनाले त्यो बिजनेस काउन्सिललाई पुनर्जीवित गरेर सोमार्फत समस्या समाधानको प्रयास गर्नुपर्थ्यो । अर्थ मन्त्रालयमा पनि वित्तीय क्षेत्र सुधार समन्वय समिति छ । प्रधानमन्त्री र अर्थमन्त्रीको काम गराइ हेर्दा एकअर्कालाई अविश्वास वा बाइपास गरेको जस्तो देखिन्छ ।

सबै विषय एकै जनाले बुझ्ने भन्ने हुँदैन । बैठक गरेपछि कसका समस्या कसले कसरी हल गर्न सकिन्छ भन्ने संयन्त्र पनि चाहिन्छ । त्यसकारण अर्थमन्त्री, गभर्नर र प्रधानमन्त्रीसँगै हुनुपर्छ । म आफैं अर्थमन्त्री हुँदा पनि प्रधानमन्त्रीले बोलाएका कति बैठकमा जान सकेको थिइनँ । तर त्यो अपवाद थियो । तर नियमित प्रक्रियामा सबै निकायबीच प्रभावकारी समन्वय गरेर संस्थागत ढंगले चल्न सरकारलाई सुझाव दिन्छु । अर्थतन्त्रको समस्या समाधान गर्न संघीय

बाँकी पेज ४ मा

अर्थतन्त्र सुधार्न सरकारको समग्र. . .

सरकारले प्रदेश र स्थानीय तहसँग पनि समन्वय गर्नुपर्छ । माथिबाट थोपर्न खोजेर हुनेवाला छैन ।

यो सरकारले औसतमा ७ प्रतिशतको आर्थिक वृद्धि, १०० अर्ब डलरको अर्थतन्त्र र ३ हजार अमेरिकी डलर प्रतिव्यक्ति आयको लक्ष्य राखेको छ । यो वर्षको बजेटलाई यी लक्ष्य प्राप्तिको आधारका रूपमा पनि विश्लेषण गरिएको छ । बजेटमार्फत यी लक्ष्य प्राप्ति सम्भव देख्नुहुन्छ ?

सात प्रतिशत आर्थिक वृद्धिको अनुमान गलत होइन । हासिल गर्न सकिन्छ । तर त्यसका लागि कुन कुन क्षेत्रले कति कति योगदान गर्छन् भनेर आकलन गर्नुपर्थ्यो । आर्थिक वृद्धिका लागि लगानी बढाउनुपर्छ । लगानी विस्तारका अवरोधबारे मैले माथि भनिसकें । केही थप कुरा पनि छन् । सरकारले संस्थागत करका दरमा समायोजन गरेको भए लगानी बढेर लगानीले उत्पादन बढाउने कुरा हुन्थ्यो । तर सरकारले व्यक्तिगत आयकरका दर घटाएर, उपभोग बढाएर आर्थिक वृद्धिको बाटो रोज्यो । सैद्धान्तिक रुपमा लगानी बढाउन छोडेर उपभोग बढाएर आर्थिक वृद्धि हासिल गर्छु भन्ने एकदमै अल्पकालीन र अर्थतन्त्रमा मन्दी रहेका बेला छोटो अवधिका लागि अवलम्बन गरिने विकल्प हो । एक, डेढ वा दुई वर्षका लागि यो सम्भव हुन्छ । त्यसभन्दा लामो अवधिका लागि सम्भव हुँदैन । सरकार लगानीको परिमाण र उत्पादकत्व बढाउन लाग्नुपर्थ्यो । लगानीको उत्पादकत्व बढाउने कार्यक्रम बजेटमा खासै छैनन् । लगानीको उत्पादकत्व बढाउने कुरामा प्रविधिमा केही बोल्न खोजिएको छ । आर्थिक वृद्धिमा कतिपय अवस्थामा पूर्वाधारले पनि अवरोध सिर्जना गरिरहेको हुन्छ । सरकारले त्यसलाई हटाउन सक्थ्यो । अहिले श्रम बजार चौपट छ। निजी क्षेत्रले केही रोजगारी दिएको छ । सरकारी क्षेत्रको श्रम बजार त अस्तव्यस्तै छ ।

सरकारले उपभोगमा आधारित आर्थिक वृद्धि खोजेको हो भने त्यो टिकाउ हुँदैन । आर्थिक वृद्धि एक वर्षलाई ७ प्रतिशत बनाउने हो भने निर्माण अन्तिम चरणमा रहेका आयोजना सम्पन्न गरेपछि त्यो प्राप्ति भइहाल्छ । त्यसपछि के गर्ने ? एउटा आयोजना सम्पन्न भएपछि अर्को पाइपलाइनमा आयोजनाहरु त हुनुपर्‍यो नि । नयाँ सडक निर्माणको योजना बजेटमा छैन । यद्यपि सडक आफैं हाम्रो आर्थिक वृद्धिको ड्राइभर हो कि होइन ? सरकारले सूचना प्रविधिलाई प्राथमिकता दिएको छ । तर यो क्षेत्रमा एक लाख मान्छेले मात्र रोजगारी पाएका छन् । यो क्षेत्रमा ५/१० लाख नै रोजगारी पुर्‍याए पनि अर्थतन्त्रमा खासै योगदान पुग्दैन । कृषिमा ४० लाखभन्दा बढी परिवारले रोजगारी पाएका छन् । हामीले कृषिको रुपान्तरणका लागि के गर्‍यौं ? कृषिमा ५ प्रतिशतको आर्थिक वृद्धि हासिल हुँदैन भने गैरकृषि क्षेत्रमा १० प्रतिशतको आर्थिक वृद्धि हासिल गरेपछि मात्रै लक्षित आर्थिक वृद्धि पाइन्छ । ५ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि हुने क्षेत्रमा बजेट विनियोजन गरिएको छैन ।

आयोजनामा पुनः ठेक्का दिन कति समस्या छ भन्ने कुरा सुनकोशी मरिनको ठेक्काबाटै बुझिन्छ । यस्ता समस्या छिटो सल्टाउनुपर्छ । ठेक्का नलाग्दोपछि पुँजीगत खर्च गर्ने ठाउँ पनि हुँदैन । गत आर्थिक वर्षमा ४७ प्रतिशत मात्र पुँजीगत खर्च हुनुले यो पुष्टि हुन्छ । मुख्य विषय बजेटले केही तूला आयोजनाको कुरा गर्नै पर्थ्यो । त्यस्तो आयोजनालाई स्रोत जुटाउन अन्तर क्षेत्रिय सहयोग लिँदा ऋण आयोजनासँग आबद्ध गरेर लिने कुरा गरेको भए सर्वस्वीकार्यता पनि हुन्थ्यो । त्यसो गरिएन, तर ऋणको परिमाण बढाइएको छ ।

सरकारले व्यक्तिगत आयकरको अधिकतम सीमा ३९ प्रतिशतबाट घटाएर २९ प्रतिशत कायम गरेको छ । कर नलाग्ने सीमा ५ लाखबाट बढाएर १० प्रतिशत पुर्‍याएको छ । बिजुलीमा उपभोक्तालाई ५० युनिटभन्दा बढीमा ५ प्रतिशत र व्यवसायीलाई १५ प्रतिशत तथा राइड सेयरिङमा ५ प्रतिशत भ्याट लगाइएको छ । यसलाई कसरी हेर्नुभएको छ ?

हाम्रो कर प्रणाली प्रगतिशील हो । लोककल्याणकारी राज्यको परिकल्पना गर्नेले समता शब्द धेरै बोल्नुहुन्छ । समता 'प्रोग्रेसिभ दयाक्स सिस्टम' बाट आउँछ । कर प्रणाली समानता ल्याउने खालको हुनुपर्छ । अहिले करका दर घटाउनु थियो भने सरकारले क्रमशः कम गर्दै लैजान सक्थ्यो । त्यसो गरेको भए करको आधार त्यति खुम्चने नै थिएन । एकतिहाइभन्दा बढी करदाताहरु सबैभन्दा तल्लो सीमा ५ लाखदेखि १० लाखको बीचका थिए होलान् । तिनले अब मुक्ति पाए ।

यति धेरै मानिसलाई करको दायराबाट बाहिर निकालेर अब कसबाट कर असुल्ने हो ? माथिल्लो वर्गलाई पनि १० प्रतिशत कर छुट दिएपछि जुन राजस्व गुम्छ, त्यसको क्षतिपूर्ति गर्ने स्रोत सरकारसँग छैन । अर्थमन्त्रीले १५ खर्ब ८० अर्ब राजस्व उठाउने भन्दै आउनुभएको छ । गत वर्ष १२ खर्ब २५ अर्ब मात्र उठेको छ । अब राजस्वको लक्ष्य भेट्न ३० प्रतिशतको वृद्धि चाहिन्छ । यसकारण अर्थमन्त्रीले शिक्षा र स्वास्थ्यमा समता कर, बिजुली, राइड सेयरि ङलगायतमा भ्याट लगाउने भन्नुभएको होला । सरकारले प्रगतिशील कर प्रणालीबाट मान्छे झिकेर अप्रत्यक्ष करमा हाल्ने र लोकल्याणकारी राज्यको कुरा गर्नु युक्तिसंगत हुँदैन । समानता र न्यायको हिसाबले न्यायपूर्ण भएन ।

शिक्षा र स्वास्थ्यको कर हटाउनुभयो । ठीकै भयो । बिजुलीमा भ्याट लगाउनुपर्छ भनेर अन्तर्राष्ट्रिय मुद्राकोषहरुले पहिलेदेखि भन्दै आएका थिए । अरूण तेस्रोको बेलादेखि नै बिजुलीको भ्याटको कुरा आएको थियो । तर हामीले बिजुलीमा कर लगाउँदैनौं, त्यसको सट्टा अरु उपायले पैसा उठाउँछौं भनिराखेका थियौं । किनकि व्यवसायीलाई लागेको भ्याट उसले त फिर्ता पाइहाल्छ । अन्ततः यसको मारमा अन्तिम उपभोक्ता नै पर्छन् । अन्तिम उपभोक्ताका रुपमा तल्लो वर्गका मान्छे धेरै प्रभावित हुन्छन् । अहिले त गर्मीको मौसममा पनि बिजुली धेरै उत्पादन भएको छ । यस्तो बेला धेरै बिजुली उपभोग गर्न प्रोत्साहित गर्नुपर्ने हो । बरू बिजुली अभाव हुने समयमा भारतबाट महँगोमा किनेको बिजुलीमा कर लगाउँछौं भनेको भए हुन्थ्यो ।

अब मौद्रिक नीतितिर जाऊँ । बजेटले जुन लक्ष्य र उद्देश्य बोकेको छ तीनको प्राप्तिका लागि मौद्रिक नीति कत्तिको सबल देख्नुहुन्छ ? मौद्रिक नीतिको व्यवस्थाले वित्तीय क्षेत्रका समस्या समाधान गर्ला ?

मौद्रिक नीतिले सरकारको वित्त नीतिलाई सहयोग गर्ने हो । आर्थिक वृद्धिलाई सहयोग पुर्‍याउन लगानीका लागि बैंकिङ क्षेत्रबाट पहुँचयोग्य रुपमा र उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह हुने वातावरण सरकारले गरिदिनुपर्छ । हचुवाका भरमा कर्जा विस्तारको लक्ष्य राखेर हुँदैन । उपभोग बढाउने र निम्न तहको जनतालाई पनि राहत दिने कुरा गर्दा कर्जाको पहुँचमा निम्न वर्गका व्यक्ति, साना उद्यमी, व्यवसायी, साना कृषक घरपरिवारहरुको पहुँच बढाउने काम गर्नुपर्छ ।

मौद्रिक नीतिले निजी क्षेत्रमा ११ प्रतिशत कर्जा विस्तारको लक्ष्य राखेको छ । त्यसले ७ प्रतिशतको आर्थिक वृद्धि सम्भव होला ? ११ प्रतिशतको कर्जा विस्तारको लक्ष्य राख्दा मुद्रास्फीति साढे ५ प्रतिशत मात्र छ । यो हिसाब मैले बुझेको छैन । किनभने अहिले पनि 'पोइन्ट टु पोइन्ट' बेसिसमा मुद्रास्फीति ५ प्रतिशतभन्दा माथि गइसकेको छ । मध्यपूर्वको अशान्ति, द्वन्द्व, अन्तर्राष्ट्रिय बजारमा मूल्यको चाप र ऊर्जाजन्य पदार्थमा महँगीको कारणले मूल्यवृद्धि अझै बढ्ने सम्भावना छ ।

मौद्रिक नीतिले विकासको जिम्मेवारी हाम्रो होइन, राष्ट्र बैंकले मुद्रास्फीतिलाई लक्ष्यमा राख्ने र सरकारको आर्थिक वृद्धिलाई सहयोग पुर्‍याउने मात्र हो भनेको सुनिन्छ । हाम्रो मुलुकमा यो 'फिलोसफिकल डिपार्चर' मात्र हो । दार्शनिक रुपमा हाम्रो जस्तो विकासशील मुलुकमा केन्द्रीय बैंकको भूमिका विकासकै हुन्छ । विकसित देशहरुमा अहिलेसम्म पनि पूर्ण रोजगारी भने पनि रोजगारी बढाउने नीति केन्द्रीय बैंकले लिएका हुन्छन् । कतिपय केन्द्रीय बैंकहरुले विकासलाई सहयोग (कोअपरेसन) गर्ने भनेर लेखेकै छन् । हाम्रो जस्तो देशमा केन्द्रीय बैंकले कर्जा नीतिको माध्यमबाट सरकारलाई सहयोग गर्ने हो । आर्थिक वृद्धि बढाउन, गरिबी निवारण गर्न र मूल्य नियन्त्रण गर्ने काममा समेत राष्ट्र बैंकको भूमिका हुनुपर्छ । कर्जा उत्पादनशील क्षेत्रमा प्रवाह भएको अवस्थामा आपूर्ति बढेर मूल्य पनि नियन्त्रण हुन्छ। यसकारण केन्द्रीय बैंकले आफूलाई छुट्टै स्वायत्त ठान्ने र राष्ट्रिय विकासको जिम्मेवारीको भारी बोक्नबाट पन्छिनु हुँदैन । आफ्नो बोझ कम गर्न यो भनाइ ठीकै होला तर, राष्ट्रको हितमा हुँदैन ।

केन्द्रीय बैंक सरकारको आर्थिक सल्लाहकार मात्र होइन, विकासको साझेदार पनि हो । यही परम्परा रहिआउँदा अन्तर्राष्ट्रिय मुद्राकोष आदि इत्यादिले प्रश्न पनि उठाउँदै आएका छन् । तिनीहरुको प्रश्नको हामीले जवाफ पनि दिँदै आएका हौं । समय क्रममा मौद्रिक नीति र हाम्रो कर्जा नीतिले कसरी समाजलाई माथि उठाउन काम गर्‍यौं भनेर प्रमाणित पनि गरेका छौं । राष्ट्र बैंक एकदमै सीमित उद्देश्य लिएर जानु हुँदैन । अहिले संशोधनका क्रममा रहेको राष्ट्र बैंक ऐनमा पनि यस्तै (विकासबाट पन्छिने) भाषा राख्न खोजेको देखिन्छ । राष्ट्र बैंकले समस्याबाट हामी उम्किहालौं, विकासका समस्या सरकारले नै हेरोस् भन्ने होइन । समस्यालाई साझेदारीमा समाधान गर्नुपर्छ । समस्या समाधानको एउटा अंग केन्द्रीय बैंक पनि हुनुपर्छ ।

तपाईंले वित्त नीति (अर्थ मन्त्रालय) र मौद्रिक नीति (राष्ट्र बैंक) बीच प्रभावकारी समन्वय हुन सकेन, त्यो कायम हुनुपर्छ भन्न खोज्नुभएको हो ?

आंशिक रुपमा मात्रै हो । तीनै तहको सरकारको पुँजीगत खर्च करिब पाँच खर्ब जति हुन्छ । त्यसमध्ये साढे ३ खर्ब खर्च भइरहेको हुन्छ । खर्च हुन नसकेको करिब डेढ खर्ब मात्र हो । त्यो डेढ दुई खर्ब रूपैयाँको कारणले यो सबै भएको हो । सरकारको पुँजीगत खर्च नहुँदा निर्माण व्यवसायको रकम, केही श्रमिकले पाउने पैसा रोकिने हो । त्यसले निर्माणजन्य क्षेत्र (खासगरी सिमेन्ट, रड, इँटा, गिट्टी, बालुवा आदि) प्रभावित हुने हो । हामीले ८/१० खर्बको पुँजीको कुरा गरिरहेका बेला सरकारले एक डेढ खर्ब खर्च गर्न सकेन भनेर वित्त नीतिलाई मात्रै दोष देखाएर हुँदैन । बजेटको आकार अलिकति ठूलो हुँदाखेरि मुद्रास्फीति नियन्त्रण कठिन भएको पनि होइन । अप्रत्यक्ष करका दरहरु ह्वात्तै बढेका कारणले मूल्यवृद्धि नियन्त्रणमा कठिन भएको पनि होइन । भनेपछि, अहिले बल सरकार र बैंकिङ प्रणालीको कोर्टमा छ ।

अहिले धितोमुखी प्रणालीबाट परियोजनामुखी प्रणालीमा जानुस् भन्दा बैंक डराएका छन् । अहिले केही बैंकहरुमा पुँजी पर्याप्तताको दबाब छ । यसकारण अहिले लगानीयोग्य रकम भएर पनि बैंकहरुले थप ऋण दिन नसक्ने अवस्था छ । बैंकहरुको खराब कर्जा बढ्दो छ । यसले पुँजी पर्याप्तता झनै दबाबमा रहन्छ । यही अवस्था रहिरहे कुनै बेला बैंकहरु मुनाफा बाँड्न नसक्ने स्थितिमा पुग्छन् । त्यो अवस्था नआओस् भनेर बैंकहरुले अहिले कुसन राखेर बसेका छन् । उता औद्योगिक सुरक्षाको समस्या छ । व्यवसायीहरु अनिश्चयको सिकार भइरहेका छन् र सरकार कसरी सञ्चालन भइराखेको छ भन्ने कुरा नै अहिले व्यवसायीहरुले बुझ्न छाडेका छन् । त्यो बेला मौद्रिक नीति वा वित्त नीतिलाई मात्र हेरेर हुँदैन, समग्र राज्य सञ्चालनसँग सम्बन्धित नीतिहरुलाई एक ठाउँ राखेर विश्लेषण गर्नुपर्छ ।

तपाईं पूर्वअर्थमन्त्री, राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, गभर्नर र अर्थशास्त्री भएको नाताले अहिले अर्थतन्त्रमा सुधार ल्याउन सरकारले के-के काम गर्नुपर्छ ?

सरकार बनेको चार महिना मात्र भएकाले मूल्यांकन गरिहाल्ने बेला भएको छैन । तर, गत वर्षको अन्तिम त्रैमासको बजेट कार्यान्वयन निराशाजनक रह्यो । आयात १६ प्रतिशतले बढ्दा राजस्व ७ प्रतिशतले मात्रै बढेको छ । सरकारले शासकीय सुधार गर्छु भने पनि राजस्व बढेन । यो अवधिमा करका दरहरु घटेका पनि छैनन् । गत वर्ष अर्थमन्त्रीले बजेट भाषणमा १३ खर्ब राजस्व उठाउँछौं भनेका थिए । असार मसान्तमा १२ खर्ब मात्रै उठ्यो । पुँजीगत खर्चको पनि हालत त्यही भयो । सम्पूर्ण खर्च ८० प्रतिशत मात्र भयो । तर, अब बजेट कार्यान्वयनले गति लिनुपर्छ । यो शंकाको लाभ सरकारलाई छ । पुँजीगत खर्च तीन चौथाइ गरोस् । लक्ष्यअनुसार राजस्व उठाओस् । धेरै आयोजना यस वर्ष सम्पन्न गरोस् ।

अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रमा सन्त्रास फैलाउने काम बन्द गर्नुपर्छ । कानुनअनुसार अनुसन्धान गर्ने नाममा उद्योगी व्यवसायीलाई निरूत्साहित गर्ने काम नगरौं । राज्य सञ्चालनको तहमा केही समस्या छन् भने सबै मिलेर हल गरिहालौं । सरकारले १६६ वटा कानुन ल्याउने भनेको छ । सोही क्रममा निजामती ऐन अघि बढाएको छ । कर्मचारीहरुमा कहिले घर फर्किनुपर्ने हो भन्ने सन्त्रास छ ।

कान्तिपुरबाट साभार

स्थानीय सरकारको ...

योजनाहरु वडामै बनुन् । गाउँपालिकाले स्वीकृत मात्र गरोस् । गाउँपालिकाको मुख्य भूमिका नीतिगत व्यवस्थापन, योजनाहरुको मूल्यांकन तथा अनुगमन र वडा कार्यालयको क्षमता अभिवृद्धिमा केन्द्रित गर्नुपर्छ । यदि यसो गरियो भने वडा कार्यालय आफैंमा एउटा शक्तिको केन्द्र बन्छ र जुन समुदायको नजिक हुन्छ ।

पालिकामा कर्मचारी व्यवस्थापन : यस्तो व्यवस्थापनमा कर्मचारीको व्यवस्थापन पनि फरक किसिमले गर्नुपर्छ । सबैभन्दा पहिलो संघ सरकारले पालिकामा कर्मचारी पठाउने होइन । जुन कर्मचारीको पालिकाप्रति कुनै जवाफदेहिता र उत्तरदायित्व हुँदैन । ती कर्मचारीहरु समुदायप्रति उत्तरदायी हुने कुनै चान्स हुँदैन । तसर्थ, संघले एउटा सूचक र मान्यता बनाउन सक्छ । कति जनसंख्या भएको, कति दूलो भौगोलिक अवस्था भएको, कति कृषियोग्य जमिन भएको, कति वन भएको यस्ता विभिन्न सूचकहरु बनाएर कुन पालिकामा कतिभन्दा बढी कर्मचारी राख्न पाइँदैन भन्ने मापदण्ड बनाउन सक्छ । यस्तो मापदण्डका आधारमा स्थानीय सरकारले नै करारमा कर्मचारीहरु नियुक्ति गर्न सक्छ ।

दक्षता र क्षमताका आधारमा करार थपिने र नथपिने निश्चित हुन सक्छ । अहिले स्थानीय सरकारले काम गर्न नसक्नुका पछाडि कर्मचारी संयन्त्र पनि प्रमुख जिम्मेवार छ । म आफैंले स्थानीय सरकारसँग मिलेर गरेका अनुसन्धानमा एउटा विषय प्रस्ट भन्न सकिन्छ, यो कर्मचारीको संरचनात्मक व्यवस्थापन रहुन्जेल स्थानीय सरकारले सोचेजस्तो नतिजा हासिल गर्न सक्दैन । काम गर्न नखोज्ने स्थानीय सरकारका प्रमुख र उपप्रमुखलाई त झन् कर्मचारीले काम गर्न दिँदैनन् भन्ने बहाना छ । तर पालिकाले नीतिगत काम गर्ने मान्यतामा पालिकामा पनि धेरै कर्मचारी चाहिँदैनन् ।

कर्मचारीहरुलाई वडामा व्यवस्थापन गर्नुपर्छ । पालिकामा विषयगत प्रमुखहरु भए हुन्छ । जसले नीति निर्माणमा सहयोग गर्छन् । मूल्यांकन तथा अनुगमनमा सहयोग गर्छन् । धेरै काम वडामा हुने भएपछि कर्मचारी वडामा नै चाहियो । यो परिस्थितिले मात्रै स्थानीय सरकार नागरिकको घर आँगनको सरकार बन्न सक्छ ।

संघीयतामा स्वशासन र सामुदायिकीकरण : हामी अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थामा छौं । लोकतन्त्रमित्र सामाजिक न्याय भएन भने औपचारिक लोकतन्त्र हुन्छ । औपचारिक लोकतन्त्रले स्वशासनको प्रत्याभूत गर्दैन । संघीयताको एउटा मूल मर्म स्वशासन हो । स्वशासनमा जान दूलो संरचना बाधक हुन्छ । दूला घर, धेरै कर्मचारी, ठाढाको संरचना, निर्णयहरु धेरै ठाढाबाट हुने प्रक्रिया स्वशासनको मर्मलाई नपत्रुने प्रक्रिया हो । प्रक्रियागत झन्झट सिर्जना गर्नु जनतालाई छेक्ने विधि हो ।

लोकतन्त्रमा जनतालाई छेकेपछि कि त त्यो नोकरशाही कर्मचारीतन्त्रमा परिणत हुन्छ कि त जननिर्वाचित तानाशाहीमा परिणत हुन्छ । यी दुवै लोकतन्त्रका लागि दूला चुनौती हुन् । तसर्थ, साना इकाईहरु जो समुदायका नजिक हुन् र समुदायलाई निर्णय प्रक्रियामा भाग लिन सजिलो होस् । त्यस्ता इकाईहरुले के गतिलो गरेका छन् र के अगतिलो गरेका छन् समुदायले देखोस् र अनुभव गरोस् । यसका लागि साना इकाईहरु नै चाहिन्छ । जसले संघीय लोकतन्त्रको स्वशासनको जग खडा गरोस् र लोकतन्त्रलाई सामुदायिकीकरण गरेर सामाजिक न्याय स्थापना गरोस् ।

औपचारिक संघीयता र लोकतन्त्रलाई साँचो अर्थमा संघीय लोकतन्त्र बनाओस् हाम्रो दिशा यो हुनुपर्छ । संघीयतामा तीनै तहका सरकारलाई एकल अधिकार र साझा अधिकारको सूची प्रबन्ध गरेका छौं । एकल अधिकारको प्रबन्धले स्वशासन उन्मुख गर्छ । साझा अधिकारको सूचीले सहकारिताको व्याख्या गर्छ । यस अर्थमा हाम्रो संघीयता स्वशासनको जगमा उभिएको अरु सरकारहरुसँग सहकारितामा विश्वास गरिएको संघीयता हो । अब हामीले त्यो दिशा सोझ्याउन जरूरी छ ।

अर्को पक्ष नेपालको विशेषता सामुदायिकता हो । औपचारिक जननिर्वाचितभन्दा बाहिर थुप्रै सामुदायिक समूह क्रियाशील छन् । कहीं गुठी छन्, कहीं सामुदायिक समूहहरु छन् सांस्कृतिक समूहमित्र सामुदायिक समूहहरु छन् । वन समूह, पानी समूह, सिँचाइ समूह धेरै किसिमका छन् । यी जनताबाट प्रत्यक्ष निर्वाचित हुन् । निर्वाचनको तौरतरिका भने संस्कृतिमा आधारित छ । यस्ता समूहहरुलाई मान्यता दिएर प्रत्यक्ष लोकतन्त्रलाई बढवा दिनुपर्छ । राज्यले गराएको औपचारिक निर्वाचन प्रणालीलाई मात्र मान्यता दिँदा यस्ता समूहहरु मर्छन् । यस्ता समूहहरु मर्नु भनेको संस्कृति मर्नु हो । प्रत्यक्ष लोकतन्त्र मर्नु हो । संघीयतालाई सामुदायिकीकरण गर्न यस्ता समूहहरुलाई मान्यता दिएर जानुपर्छ । जसले लोकतन्त्रको जरालाई समुदायमा फैलावट गर्छन् । विकाससँग यस्ता समूहहरुको साझेदारिता बढाउनुपर्छ । पालिकाका नीति नियमहरुमा यस सन्दर्भमा ख्याल

जिल्ला प्रशासन अधिकारीको कुनै अर्थ छैन । हिजो पञ्चायतको पालामा अञ्चलाधीशलाई रिपोर्ट गर्न र समुदायलाई पञ्चायतीकरण गर्न बनाइएको संस्था हो । अहिलेसम्म त्यस्तो संरचना खारेज नहुनु आफैंमा अनौठो छ । यस्ता संरचनाहरू कुन कुन मन्त्रालय मातहत छन्, विस्तृत अध्ययन गरी खारेज गर्नुपर्छ । जसले राज्यको फजुल खर्च रोकोस् ।

गरिनुपर्छ ।

वित्त व्यवस्थापन : स्वशासन र साना इकाईको कुरा गर्नेबित्तिकै हाम्रा एकथरी अर्थशास्त्रीहरु खर्च बढ्ने भयो भनेर कराउन थाल्छन् । यसका लागि हामीले स्थानीय सरकारलाई स्वयंसेवी हिसाबले अगाडि बढाउनुपर्छ । राजनीतिक दलहरुले स्वयंसेवी भाव बोकेका मानिसलाई प्रोत्साहन गर्नुपर्छ । विदेशको उदाहरण हेर्ने हो भने स्थानीय सरकार स्वयंसेवी रुपमा क्रियाशील छन् ।

हामीले अर्धस्वयंसेवीको दिशाबाट सुरू गर्न सक्छौं । किनभने स्थानीय सरकारको काम मुख्यतया: नीति निर्माणमा भएपछि उसको दैनिक काम हुँदैन । उसैले राखेका कर्मचारीहरुले परियोजना सञ्चालन गर्छन् । सेवा प्रवाह गर्छन् । कर्मचारीको काम चित्त नबुझे फेरबदल गर्छन् । राज्यले खर्च घटाउने बाटो सोच्नुपर्छ । तर यो पनि सोच्नुपर्छ कि खर्च घटाउने नाममा नागरिकको अधिकारलाई कटौती गर्न हुँदैन । हामीले जननिर्वाचित प्रतिनिधिलाई स्वयंसेवीको दिशामा लैजान सक्यौं भने खर्च आफैं घट्न सक्छ ।

वित्त व्यवस्थापनको हकमा हामीले खारेज गर्नुपर्ने संरचनाको पनि छलफल गर्नुपर्छ । जिल्ला समन्वय समिति न संविधानले चिनेको छ न जनताको सरोकारको विषय हो । यो एक किसिमले असंवैधानिक मात्रै होइन, अराजनीतिक संरचना हो । संघीयताको सामुदायिकीकरण अर्गलो छ । यसलाई खारेज गर्नुपर्छ । जिल्ला प्रशासन अधिकारीको कुनै अर्थ छैन । हिजो पञ्चायतको पालामा अञ्चलाधीशलाई रिपोर्ट गर्न र समुदायलाई पञ्चायतीकरण गर्न बनाइएको संस्था हो । अहिलेसम्म त्यस्तो संरचना खारेज नहुनु आफैंमा अनौठो छ । यस्ता संरचनाहरु कुन कुन मन्त्रालय मातहत छन्, विस्तृत अध्ययन गरी खारेज गर्नुपर्छ । जसले राज्यको फजुल खर्च रोकोस् ।

सोमत घिमिरे प्राकृतिक स्रोत व्यवस्थापनको अध्ययन र अनुसन्धानमा संलग्न छन् । उनको जुर्मराएको बखत, प्राकृतिक स्रोतमा नागरिक सर्वोच्चता, समृद्ध कर्णालीको दु:ख जस्ता पुस्तक प्रकाशित छन् ।

मतदान नागरिक अधिकार मात्रै नभइ सच्चा नागरिकको कर्तव्य पनि हो । त्यसैले निर्वाचन प्रक्रियामा सहभागी बनौं, लोकतान्त्रिक शासन व्यवस्थाको बलियो बनाउन योगदान गरौं

लोकहितको लागि सहीखबर

हार्दिक आभार

हामी गौरवमय १५ वर्षमा प्रवेश गरेको अवसरमा हाम्रा विज्ञापनदाताहरु, आमपाठकवर्गहरु, स्तम्भकारहरु, कानून सल्लाहकारहरु सम्पूर्ण शुभचिन्तक ज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दछौ । यहाँको साथ समर्थन सदा प्राप्त हुने अपेक्षा राख्दै हामी यहाँहरुको सेवामा सधैं तत्पर रहने बाचा गर्दछौं ।

सहीखबर परिवार

हेटौंडा अस्पतालमा एनआइसीयू सेवा थपियो

○ सहीखबर संवाददाता



मकवानपुर ।स्वास्थ्य क्षेत्रमा योगदान गर्न नसकेको टिप्पणी खेप्दै आएको हेटौंडा अस्पतालमा अब नवजात शिशुको जटिल अवस्थाको उपचार सेवा थप गरिएको छ । नवजात शिशुको सघन उपचार सेवाको लागि एनआइसीयु सेवा सुरू गरेको छ ।

अस्पतालले यसैसातादेखि आठ बेड क्षमताको नवजात शिशु सघन उपचार कक्ष (एनआइसीयू) सञ्चालनमा ल्याएको हो ।

सेवा सुरू भएको पहिलो दिनमै शल्यक्रिया मार्फत जन्मिएका दुई नवजात शिशुलाई एनआइसीयूमा भर्ना गरी उपचार थालिएको अस्पतालका बालस्वास्थ्य विशेषज्ञ डा. हरिबहादुर खड्काले जानाकारी दिए । जन्मिएको २८ दिनसम्मका नवजात शिशुको जटिल अवस्थाको उपचार एनआइसीयूमा गरिनेछ ।

यसअघि एनआइसीयू सुविधा नहुँदा जोखिमयुक्त नवजात शिशुलाई थप उपचारका लागि चितवन वा काठमाडौं लैजानुपर्ने अवस्था थियो ।

अस्पतालमै एनआईसीयू सेवा सुरू भएकाले नवजात शिशुको जटिल अवस्थाको उपचारका लागि अन्यत्र लैजानु नपर्ने मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार एव हेटौंडा अस्पतालका अध्यक्ष भीमसागर गुरागाईंले बताए ।

एनआइसीयूसँगै अस्पतालमा १ महिनादेखि १४ वर्षसम्मका बालबालिकाको जटिल अवस्थाको उपचारका लागि आठ बेडको बाल सघन उपचार कक्ष (पीआइसीयू) पनि संचालनमा ल्याइएको उनले बताए ।

बागमती प्रदेश सरकारको ३ करोड ७२ लाख बजेटबाट एनआइसीयू र पीआइसीयू सञ्चालनमा ल्याइएको प्रतिष्ठानका प्रवक्ता उत्सव चौलागाईंले बताए ।

डा. खड्काका अनुसार एनआइसीयू सञ्चालनपछि गर्भवतीले प्रसूति सेवाका लागि हेटौंडा अस्पताल रोज्ने क्रम बढ्ने अपेक्षा गरिएको छ । नवजात शिशुको उपचारका लागि बाहिर जानुपर्ने बाध्यता हटेपछि स्थानीयस्तरमै सुरक्षित प्रसूति तथा बाल उपचार सेवा विस्तार हुने उनको भनाइ छ ।

एनआइसीयू संचालनका लागि चार जना मेडिकल अधिकृत, १८ जना स्टाफ नर्स, चार जना स्वीपर र दुई जना सुरक्षागार्ड परिचालन गरिएको छ । अस्पतालले थप दुई जना बालस्वास्थ्य विशेषज्ञ नियुक्त गर्ने प्रक्रिया पनि अघि बढाएको जनाएको छ । हेटौंडा अस्पतालमा हाल २४ बेडको बालबालिका वार्ड, चार बेडको स्पेशल नियोनेटल केयर युनिट र चार बेडको पोषण पुन स्थापना केन्द्रसमेत संचालनमा छन् ।

एक महिनाअघि हेटौंडा अस्पतालमा करिब ४ करोडको लगानीमा १६ वटा वटा हेमोडाइलायसिस मेसिन खरिद गरेर दैनिक ६० जना विरामीलाई डायलासिस सेवा दिँदै आएको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत संचालन हुँदै आएको प्रादेशिक हेटौंडा अस्पतालमा आठ वटा आइसीयू छन् ।

अस्पतालमा अहिले १२ जना विशेषज्ञसहित १०९ जना चिकित्सक कार्यरत छन् । अस्पतालमा चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचार गरेर ५ सय ४७ जना कार्यरत छन् । यो अस्पतालमा गत आवमा ३ लाख २५ हजार ६ सय जनाले सेवा लिएका थिए ।

दैनिक १ हजार ७ सयदेखि १ हजार ८ सय जनाले अस्पतालबाट स्वास्थ्य सेवा लिँदै आएका छन् । गत आवमा उक्त अस्पतालमा ३ हजार ५ सय ६ जना सुत्केरी भएका थिए । तीमध्ये २ सय ३९ जना २० वर्षमूनिका थिए ।

६ जना सवार सरकारी स्कारपियो जुरिखेत भीरबाट खस्यो

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर जिल्लाको भीमफेदी गाउपालिका ६ जुरीखेत भिरबाट सरकारी स्कार पियो खस्दा १ जनाको मृत्यु भएको छ अन्य ५ जना घाइते भएका छन् ।

सवार रहेकामा एकै परिवारका ४ जना थिए । काठमाडौबाट बिरगंजतर्फ आउदै गरेको उच्च अदालत बिरगंज पर्साको मुख्य न्यायधीश, र जिष्टार र गाडि चालक सहित ६ जना सवार प्रदेश ३-०१-००२ झ ५१८३ नं. को स्कारपियो गाडी अनियन्त्रित भई सडकदेखी अन्दाजी ५०/६० मिटर तल खोल्सामा खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रमुख श्याम खत्रीले बताउनुभयो ।

दुर्घटनाबाट गम्भीर घाइते भएकी महिलाको उपचारको क्रममा छाउनी अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । रजिस्ट्रारको श्रीमती अन्दाजी ४९ वर्षिया लक्ष्मी बडुको टाउको र शरिरको विभिन्न भागमा चोट लाग्दा अवस्था गम्भिर रहेको थियो । उनको उपचारको क्रममा मृत्यु भएको हो ।

अन्यको अवस्था मध्यम रहेको बताइएको छ । घाइतेहुनेहरुमा मुख्य न्यायधिश जिल्ला दाङ तुलसीपुर उ.म.न.पा. ९ बस्ने वर्ष अन्दाजी ५७ को गोकर्ण डाँगीको टाउको र शरिरको विभिन्न भागमा चोटलागेको छ । रजिष्टार जिल्ला बैतडी दशरचन्द न.पा. ७ सुर्कालि बस्ने वर्ष अन्दाजी ५१ को तारादत्त बडुको शरिरको विभिन्न भागमा चोट लागेको छ ।

रजिस्ट्रार कै छोरा वर्ष अन्दाजि २५ को रितेन्द्र बडुको टाउकोमा चोट लागेको छ । र जिस्ट्रार कै छोरी अन्दाजी ३१ कि रिता बुडको टाउको र शरिरको विभिन्न भागमा चोट लागेको छ । चालक दाङ जिल्ला राप्ति न.पा. ८ बस्ने वर्ष अन्दाजी ३२ को छुनिलाल चौधरीको टाउको र शरिरको विभिन्न भागमा चोट लागेको छ ।

४ बालिकालाई खोलाले बगायो

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिका १९ स्थित बासुदेव खोलाले विद्यालयबाट घर फर्किँदै गरेका ४ जना विद्यार्थीलाई बगाएको छ।

खोलाले बगाउँदा कक्षा ३ मा अध्ययनरत राक्सिराङ १ की ८ बर्षिया रोशनी स्याङतान, कक्षा ७ मा अध्ययनरत बिनिता भोलनको शव फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार कक्षा ६ मा अध्ययनरत १३ वर्षीय सिमा बोलनको घाइते अवस्थामा उद्धार गरिएको छ । यसैगरी कक्षा ५ मा अध्ययनरत ११ बर्षिया सुमित्रा भुलुन वेपत्ता छिन् । उनीहरुको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ। मंगलबार स्कुल छुट्टी भएपछि घर फर्कदा उनीहरूलाई खोलाले बगाएको थियो । रोशनीको शव मंगलबार नै तथा बिनिताको शव बुधबार भेटीएको थियो ।

हेटौंडा १९ बस्तिपुरस्थित निर्मल माध्यमिक विद्यालयमा अध्ययनरत उनीहरु मंगलबार पढेर घर फर्किने क्रममा खोलाले बगाएको हो। घटनास्थलमा नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीको टोली परिचालन गरिएको छ। रात बढ्दै जाँदा खोलाले बगाएको विद्यार्थीको खोजीमा समस्या भएको बताइएको छ ।

उनीहरूको अवस्था मध्यम रहेको बताईएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार चालक र रजिष्टारलाई थप उपचारको लागि हेटौडा अस्पताल ल्याईएको र बाँकी ४ जना घाईतेलाई नेपाली सेनाको हेलिकप्टरमार्फत उपचारको लागि छाउनी अस्पताल काठमाडौ पठाएको छ ।

मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं ।

खुलेर कुरा गरौं: मानसिक स्वास्थ्यको संरक्षण गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड